नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(प्रारम्भिक बालविकास शाखा)
सानोठिमी, भक्तपुर

मिति : २०८०/०३/२७

प.सं. २०७९/ ०८०
च.नं. 39

**विषय : अभिभावक शिक्षा प्याकेज कार्यान्वयन सम्वन्धमा।**

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा गर्भावस्थादेखि आठ वर्षसम्मका बालबालिकाको संविधान प्रदत्त प्रारम्भिक बालविकास सम्वन्धी हकको सारभूत कार्यान्वयन गर्न अभिभावक सचेतना ब्यापक रुपमा अभिबृद्धि गर्नु आवश्यक देखिएको छ । यसका लागि यस केन्द्रले **अभिभावक शिक्षा सम्वन्धी सहजकर्ताका लागि सन्दर्भ सामग्री** (प्याकेज) र सो सम्वन्धी **चित्रात्मक पुस्तिका** गत आर्थिक वर्षमा नै तयार गरी आफ्नो वेवसाइटमासमेत राखेको तथा प्रदेश सरकारका शिक्षा तालिम केन्द्र र केही मात्रामा स्थानीय तहबाट शिक्षा अधिकृतहरुसमेतको सहभागितामा केन्द्रीय स्तरको प्रशिक्षक प्रशिक्षणसमेत सञ्चालन भई यस सम्वन्धी प्रदेशगत रुपमा प्रशिक्षकसमेत तयार गरिएको छ । प्रारम्भिक बालविकास सम्वन्धी हकको सारभूत कार्यान्वयन गर्न अभिभावक शिक्षा कार्यक्रम सहयोगी हुने हुँदा सबै स्थानीय तहबाट उक्त प्याकेजका आधारमा अभिभावक शिक्षा कार्यक्रम ब्यापक रुपमा सञ्चालन गर्ने व्यवस्थाका लागि अनुरोध छ । अभिभावक शिक्षा कार्यक्रम सञ्चालन, सन्दर्भ सामग्रीको पुनर्मुद्रण लगायत विषयमा आवश्यकता अनुसार यस केन्द्रबाट सहजीकरण गरिने ब्यहोरा निर्देशानुसार अनुरोध छ ।

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाई (सबै) : आवश्यक समन्वय गर्नु हुन ।

०८०।०३।२६
(धनसूदन चौलागाँईं)
शाखा अधिकृत